
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्नें छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क २०४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ साउन २३ गते सोमबार ❑ 8 Aug 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल आगामी जनवरी १ देखि सञ्चालनमा आउने

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ साउन**

सरकारले पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल आगामी जनवरी १ (पुस १७) देखि सञ्चालनमा ल्याउने भएको छ।

नेपाल नागरिक उड्डयन प्राधिकरणको आज बसेको सञ्चालक समितिको बैठकले पोखरा अन्तर्राष्ट्रिय विमानस्थललाई सन् २०२३ जनवरी १ देखि सञ्चालनमा ल्याउने निर्णय गरेको प्राधिकरणका प्रवक्ता जगन्नाथ निरौलाले जानकारी दिनुभयो।



प्रवक्ता निरौलाका अनुसार उक्त विमानस्थलमा आगामी अक्टोबरमा क्यालिब्रेसन फ्लाइट हुनेछ । झण्डै २२ अर्ब रुपैंया लागतमा निर्माण भएको उक्त विमानस्थलको ९८ प्रतिशत भौतिक प्रगति सम्पन्न भएको छ । पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल २०० हेक्टर क्षेत्रफलमा निर्माण भएको हो । उक्त विमानस्थल निर्माण भएसँगै मुलुकको प्रमुख पर्यटकीय गन्तव्य पोखरा अन्तर्राष्ट्रियस्तरसँग सिधा जोडिनेछ।

## ४ अर्ब बराबरको खाद्य पदार्थको आयात रोक्न कृषि क्रान्ति आवश्यक: मन्त्री बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ साउन**

गण्डकी प्रदेश सरकारका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले ४ अर्ब बराबरको खाद्य पदार्थको आयात रोक्न कृषि क्रान्ति आवश्यक भएको बताउनु भएको छ।

अखिल नेपाल राष्ट्रिय स्वतन्त्र बिद्यार्थी यूनियन (क्रान्तिकारी) मुल इकाई समिति प्राकृतिक श्रोत व्यबस्थापन कलेजको आइतबार पोखरा १९ स्थित पुरुञ्चौरमा आयोजित बिदाई कार्यक्रममा वोल्दै मन्त्री बरालले उक्त कुरा बताउनु भएको हो।

पछिल्लो समयमा युवाहरुमा कृषि प्रतिको आकषर्ण घट्दो रुपमा रहेको मन्त्री बरालको भनाई थियो । उपभोग्ताबादी सोचलाई अब युवा बर्ग तथा क्रान्तिकारीहरुले मात्र परिवर्तन गर्न सक्ने मन्त्री बरालले बताउनु भयो। कृषि प्रधान हाम्रो देशमा यही उपादन हुने खाद्य पदार्थ नै ठुलो मात्रमा बिदेशबाट आयात गर्नु नेपालीहरुको लागि ठुलो बिडम्बना भएको मन्त्री बरालको भनाई थियो । आत्मनिर्भर अर्थतन्त्रले समाजबाद अर्थतन्त्रको आधारसिला खडा गर्ने उहाँको बुझाई थियो।

यस चालु आर्थिक बर्षका लागि बजेट निर्माण गर्दा संघ, प्रदेशले समेत कृषिलाई पहिलो प्रथामिकता दिएको मन्त्री बरालले बताउनु भयो । केही नयाँ कुरा गर्न खोज्दा आक्रमण हुने गरेको उल्लेख गर्दै मन्त्री बरालले क्रान्तिकारीले त्यसको डटेर प्रतिवाद गर्ने जनाए । अखिल नेपाल राष्ट्रिय स्वतन्त्र बिद्यार्थी यूनियन (क्रान्तिकारी) मुल इकाई समिति प्राकृतिक श्रोत व्यबस्थापन कलेज, पुरुञ्चौरका अध्यक्ष संसार टण्डनको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा अखिल क्रान्तिकारी केन्द्रिय उपाध्यक्ष द्धय केशवरावल र मदन भट्टराई, कृषि क्याम्पस पुरुञ्चौरका प्रमुख चन्द्रेश्वर प्रसाद श्रीवास्तव, समितिका सदस्य संजित कुमार यादव, बिद्यार्थी महेश आचार्य, ममता पौडेल लगायतले वोलेका थिए। सार्थ कार्यक्रममा बिद्यार्थीहरुले विभिन्न सांस्कृतिक कार्यक्रम समेत प्रदर्शन गरेका थिए । यस बर्ष कृषि बिषयमा उक्त क्याम्पसबाट ५० जनाले स्नातक तह उर्त्रिण गरेका छन्।

## दोषी उम्कन हुँदैन, निर्दोषी फस्नु हुँदैन : मन्त्री विश्वकर्मा

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ साउन**

गण्डकी प्रदेशका आन्तरिक मामिलामन्त्री डोबाटे विश्वकर्माले जुनसुकै अपराधमा दोषी उम्कन नहुने र निर्दोषी फस्न नहुने बताउनुभयो।

नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग र गण्डकी प्रदेश प्रहरी कार्यालय पोखराको आयोजनामा आज पोखरामा आयोजित प्रदेशस्तरीय अपराध अनुसन्धान समीक्षा गोष्ठीको उद्घाटन गर्दै उहाँले बढ्दो प्रविधिको विकाससँगै अपराधमा प्रयोग हुने गरेका नयाँ-नयाँ प्रविधि तथा प्रयोगको चुनौतीलाई सामाना गर्दै अघि बढ्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

अपराध अनुसन्धानका क्षेत्रमा नेपाल प्रहरीले खेलेको भूमिका प्रशंसनीय भएको उल्लेख गर्दै मन्त्री विश्वकर्माले प्रहरीलाई साधनस्रोत सम्पन्न बनाउने कुरामा आफू प्रतिबद्ध रहेको बताउनुभयो । समाजमा शान्ति सुरक्षा कायम गराउन आपराधिक गतिविधि अन्त्य हुनुपर्नेमा जोड दिँदै उहाँले अनुसन्धानलाई अझै प्रभावकारी बनाउने गरी लाग्नुपर्ने उल्लेख गर्नुभयो।

प्रहरी महानिरीक्षक धीरजप्रताप सिंहले अपराध अनुसन्धानलाई प्रभावकारी बनाउन प्रहरी सङ्गठन निरन्तर दत्तचित्त भएर लागेको बताउनुभयो । प्रहरीको मनोबल उच्च बनाउनका लागि सङ्गठनलाई साधनस्रोत सम्पन्न बनाउनुपर्ने उल्लेख गर्दै उहाँले यसबाट अनुसन्धानको प्रभावकारितामा पनि वृद्धि हुने बताउनुभयो। निर्वाचनको मिति घोषणा भइसकेको अवस्थामा त्यसलाई निष्पक्ष र भयरहित बनाउने वातावरण तयार गर्न उहाँले मातहतका निकायलाई निर्देशन दिनुभयो।

गण्डकी प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक रामदत्त जोशीले पछिल्लो समयमा अपराधको प्रवृत्ति बदलिएको उल्लेख गर्दै समय सापेक्ष चुनौतीका रुपमा बढिरहेका अपराधजन्य गतिविधिको अनुसन्धान तथा नियन्त्रण अहिलेको आवश्यकता

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## मञ्च गण्डकीको नयाँ सदस्य बन्न आवेदन खुल्यो

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ साउन**

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले नयाँ सदस्यताको लागि आवेदन खुल्ला गरेको छ।

मञ्चको हालै बसेको बैठकले गरेको निर्णय अनुसार साउन २१ गतेबाट नयाँ सदस्यता आवेदन खुल्ला गरिएको मञ्चका महासचिव राजाराम पौडेलले जानकारी दिए । मञ्चमा आबद्ध हुन चाहने गण्डकी प्रदेशभरीका खेल पत्रकारलाई समेट्ने उद्देश्यले सदस्यता आवेदन खुल्ला गरिएको पौडेलको भनाई छ। आवेदन फारम भाद्र ४ गते सम्म भरिसक्नुपर्नेछ।

नयाँ सदस्य बन्न आवेदन दिनको लागि केही प्रावधान तय गरिएको मञ्चका अध्यक्ष दीननाथ बरालले बताए । कम्तिमा प्लस टु वा सो सरह उत्रिर्ण, अन्य विटगत पत्रकारिताका संस्थामा पदाधिकारीमा नरहेको, कुनै फौजदारी अभियोग नलागेका सक्रिय पत्रकारले सदस्यताको लागि आवेदन दिन सक्नेछन् । आवेदनको साथमा नियुक्तिपत्रको प्रमाणित प्रतिलिपि, परिचयपत्रको प्रतिलिपि, न्युनतम दुईवर्षको अनुभव खुल्ने सिफारिस पत्र, नागरिकताको प्रतिलिपि, हरेक वर्षको कम्तिमा ५ वटा प्रकाशित तथा प्रसारित समाचार सामाग्री, पासपोर्ट साइजको दूईवटा फोटो समावेश गर्नुपर्ने अध्यक्ष बरालले जनाए।

## सरकारसँग दुई बुँदे सहमतिपछि यातायात व्यवसायीको आन्दोलन फिर्ता

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ साउन**

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घ गण्डकी प्रदेशले आजदेखि घोषणा गरेको सार्वजनिक यातायात बन्दको कार्यक्रम फिर्ता लिएको छ।

गण्डकी प्रदेश सरकार र यातायात व्यवसायीबीच शनिबार साँझ दुई बुँदे सहमति भएसँगै आन्दोलन फिर्ता भएको हो । गण्डकी प्रदेश सरकारले चालु आर्थिक वर्षदेखि सवारी कर र जरिवानामा वृद्धि गरेको भन्दै महासङ्घले आफ्ना मातहतका समितिका करिब २० हजार सार्वजनिक सवारीसाधन सञ्चालन नगर्ने घोषणा गरेको थियो । गण्डकी प्रदेशका भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात व्यवस्थामन्त्री कुमार खड्कासँग यातायात व्यवसायी महासङ्घका पदाधिकारी र मजदुर सङ्घसङ्गठनका प्रतिनिधिसहितको छलफलपछि यातायात व्यवसायीले आफ्नो आन्दोलनका कार्यक्रम फिर्ता लिएका हुन् । पृथ्वीराजमार्ग बस सञ्चालक कम्पनीका अध्यक्ष योगेन्द्रबहादुर केसीले गण्डकी प्रदेश सरकारले यातायात व्यवसायीको माग सम्बोधन गर्ने प्रतिबद्धता जनाएपछि आन्दोलन फिर्ता लिएको बताउनुभयो । उहाँले भन्नुभयो, "प्रदेश सरकारसँग व्यवसायीको छलफलपछि यथाशीघ्र यातायात व्यवसायीको माग सम्बोधन गर्ने सहमति भएको छ। "हामीले घोषणा गरेको मालवाहक तथा यात्रुवाहक सवारीसाधन घर तथा ग्यारेजमा थन्क्याउने आन्दोलनका कार्यक्रम पनि फिर्ता भएका छन् । यातायातका सबै सेवा सञ्चालन भएको छ।" यातायात व्यवसायीका मागका सम्बन्धमा आवश्यक निर्णय गर्न प्रदेशका मुख्यमन्त्री, विषयगत मन्त्रालयसँग वार्ता र संवादको माध्यमबाट तत्कालै छलफल गरिने निर्णय भएको छ । यसैगरी सवारी जरिवाना संशोधनको व्यवस्थामा भौतिक पूर्वाधार सहरी विकास तथा यातायात व्यवस्था मन्त्रालयको पहलमा सवारी ऐनको व्याख्यात्मक संशोधन गरी राजपत्रमा प्रकाशित भएकाले यातायात व्यवसायीले सरकारलाई धन्यवाद दिएका छन्।

यसअघि यातायात व्यवसायीलाई सरकारले ६० प्रतिशत कर छुट दिँदै आएको थियो । सो कर छुटवापत व्यवसायीले विद्यार्थी, वृद्धवृद्धा, जनआन्दोलनका घाइते, अपाङ्गता भएकालगायतलाई छुट दिएका थिए । प्रदेश सरकारले यस वर्षदेखि यसअघि दिँदै आएको कर छुटलाई घटाएर ३३ प्रतिशतमा झारेपछि यातायात व्यवसायी विरोधमा उत्रिएका हुन्। महासङ्घका प्रदेश अध्यक्ष केदार पौडेलका अनुसार यस वर्ष कर छुटको प्रतिशत घट्दा प्रतिगाडी रु सात हजार कर वृद्धि भएको छ।

सरकारले यही साउनदेखि लागू हुने गरी एक सय २५ सिसीदेखि छ सय ५० सिसीसम्मका सवारीमा अघिल्लो आर्थिक वर्षको तुलनामा वार्षिक सवारी करमा वृद्धि गरेको छ । मोटरसाइकल तथा स्कुटर एक सय २५ सिसीसम्मको रु तीन हजार रहेको छ भने छ सय ५० सिसीभन्दा माथिका सबैको रु ३० हजार वार्षिक कर छ।

## प्रेस युनियन राष्ट्रिय पत्रकारिता पुरस्कार रमेश पौडेल र रवीन्द्र बास्तोलालाई

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ साउन**

नेपाल प्रेस युनियन राष्ट्रिय पत्रकारिता पुरस्कारबाट पत्रकार रमेश पौडेल र रवीन्द्र बास्तोला पुरस्कृत हुने भएका छन्।

नेपाल प्रेस युनियन कास्कीले स्थापना गरेको सो पुरस्कार छनोट समितिको सिफारिस बमोजिम वर्ष २०७७ का लागि रमेश पौडेल र वर्ष २०७९ का लागि रवीन्द्र बास्तोलालाई पुरस्कृत गरिने भएको हो । गंगाधर पराजुली संयोजक रहेको प्रतिभा छनोट समिति सदस्यमा सरिता तिमिल्सिना पगेनी, बोधराज कार्की, विजय भण्डारी एवं युनियन कार्यवाहक अध्यक्ष रविना आले र सचिव प्रदीप पौडेल पदेन सदस्य रहेका थिए । युनियनले १२ लाख अक्षयकोष स्थापना गरेर २०७२ सालदेखि हरेक २ वर्षमा सो पुरस्कार प्रदान गर्दै आएको छ। सो पुरस्कार युनियनको सदस्य रहको, १५ वर्षदेखि निरन्तर पत्रकारिता गर्दै संगठन सुदृढीकरणमा महत्वपूर्ण योगदान दिनेलाई प्रदान गर्ने गरिन्छ। पुरस्कार राशि जनही ३३ हजार ३ सय ३३ रुपैयाँ र सम्मानपत्र रहेको छ । कोरोना महामारीका कारण रोकिएको २०७७ यसपालि संयुक्त रुपमा वितरण गरिन लागेको नेपाल प्रेस युनियन कास्कीका सचिव प्रदीप पौडेलले जानकारी दिए।

प्रेस युनियनका निवर्तमान केन्द्रीय उपाध्यक्ष रहेका रमेश पौडेल हाल रेडियो बाराहीमा कार्यकारी निर्देशक छन् । उनी गोरखापत्र राष्ट्रिय दैनिक गण्डकी प्रदेश ब्यूरो प्रमुख एवं नेपाल टेलिभिजनका पोखरा समाचारदाता भइ पत्रकारितामा क्रियाशील छन्। तीन दशकअघि पत्रकारिता क्षेत्रमा प्रवशे गरेका पत्रकार पौडेल दयाशंकर स्मृति पत्रकारिता पुरस्कार, गजेन्द्र भण्डारी स्मृति पत्रकारिता पुरस्कार, नेपाल टेलिभिजन उत्कृष्ट पत्रकारिता पुरस्कार, गोरखापत्रबाट उत्कृष्ट समाचारदाता, पर्वतीय पर्यटन पत्रकारिता पुरस्कार लगायतबाट पुरस्कृत हुनुको साथै दर्जनौं संघसंस्थाबाट सम्मानित भएका छन् । यस्तै, नेपाल पत्रकार महासंघका पूर्व केन्द्रीय सदस्य रहेका रवीन्द्र बास्तोला पत्रकार महासंघ कास्कीका पूर्व अध्यक्ष हुन्। २०५२ सालदेखि पत्रकारितामा क्रियाशील उनी हाल हिमदूत दैनिकका सम्पादक एवं रेडियो तरंगका अध्यक्ष छन्। यसअघि उनी दयाशंकर स्मृति पत्रकारिता पुरस्कार र गजेन्द्र भण्डारी स्मृति पत्रकारिता पुरस्कारबाट पुरस्कृत हुनुको साथै दर्जनौं संघ संस्थाबाट सम्मानित भएका छन्।



# स्वतन्त्र पत्रकार संघ नेपालका अध्यक्ष कृष्णप्रसाद बास्तोला सम्मानित

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ साउन**




स्वतन्त्र पत्रकार संघ नेपालका अध्यक्ष कृष्णप्रसाद बास्तोला राष्ट्रिय नागरिक पत्रकारिता सम्मान-२०७९ द्वारा सम्मानित भएका छन् ।

काठमाडौंमा राष्ट्रिय नागरिक विकास समाजको १३ औं वार्षिकोत्सव समारोहबीच उनलाई श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शेरबहादुर कुँवरले सम्मान गरेका हुन् । समारोहमा मन्त्री कुँवरले सम्मानपत्र, पूर्व पर्यटन राज्यमन्त्री परशुराम तामाङले माला तथा समाजका अध्यक्ष महेशजंग कुँवरले माला लगाएर सम्मान गरेका थिए । आदर्श समाज राष्ट्रिय दैनिक, पोखराका प्रधानसम्पादक समेत रहेका बास्तोलालाई सामाजिक रुपान्तरणका लागि पत्रकारिता माध्यमबाट समाजमा पुऱ्याएको योगदानको कदर गर्दै सम्मान गरिएको हो । त्यस अवसरमा बास्तोलालगायत विभिन्न क्षेत्रका २२ जना व्यक्तिलाई सम्मान गरिएको थियो । समारोहमा प्रमुख अतिथि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शेरबहादुर कुँवरले विभिन्न क्षेत्रको पहलबिना समाज अघि बढ्न नसक्ने बताउँदै समाज बलियो भएमात्रै राज्यले ठिक बाटो अवलम्बन गर्न सक्ने बताए । पूर्व पर्यटन राज्यमन्त्री तामाङले समाजसेवामा पत्रकारिता क्षेत्रले समाजमा प्रेरणादायी भूमिका खेलेको उल्लेख गरे । यसैबीच, गत साउन १ मा प्रधानसम्पादक बास्तोला गंगा-ज्योति स्मृति पुरस्कारबाट सम्मानित भएका थिए । अद्वैत संस्थाका कुलपति प्रताप चक्रवर्तीले काठमाडौंमा आयोजित विशेष समारोहबीच बास्तोलालाई उक्त पुरस्कार प्रदान गरेका हुन् । गुरुआमा पूर्णलक्ष्मी चक्रवर्तीको ११६ औं जन्मजयन्ती तथा अद्वैत संस्थाद्वारा संचालित २०७८/०७९ को दशमासीय राष्ट्रव्यापी महासत्संग समापन अवसरमा नगद २५ हजार रुपैयाँसहित सम्मानित भएका थिए ।

# अंश बण्डाको ५ करोड माथिको थैली अंकमा १.५ प्रतिशत कायम भएको अर्थ मन्त्रालयको भनाइ

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ साउन**

घर जग्गा रजिष्ट्रेस तथा अंश बण्डामा गण्डकी प्रदेश सरकारले प्रगतीशिल करको सिद्धान्त अनुसार करमा सामान्य हेरफेर गरेको छ । प्रदेश सरकार स्थापना भएदेखि हालसम्म करिब साँढे ४ बर्षसम्म करको दर तथा दायरा समेत खासै परिवर्तन भएको अबस्थामा प्रगतीशिल करको सिद्धान्त अनुसार करमा सामान्य हेरफेर गरिएको प्रदेशको अर्थ मन्त्रालयले जनाएको छ ।

प्रगतिशिल करको सिद्धान्त बमोजिम ५ करोड भन्दा माथिको थैली अंकको हकमा साविकमा लाग्दै आएको १ प्रतिशत शुल्कमा ०.५ मात्रै वृद्धि गरी १.५ प्रतिशत कायम गरिएको मन्त्रालयका प्रवक्ता वसन्तराज तिवारीले बताए । आर्थिक ऐन, २०७९ मा तीन पुस्ता भित्रको हकवाला बाहेक अन्यत्र हक हस्तान्तरण भई अप्रत्याशित रुपमा प्राप्त हुने यस्तो सम्पत्तिमा तीन पुस्ता भित्रको हकवालामा हुने हक हस्तान्तरणको सरह नै शुल्क राख्दा न्यायोचित नहुने हुँदा सो भन्दा केही बढी मात्रै शुल्क कायम गरिएको प्रवक्ता तिवारीले बताए । तीन पुस्ता भन्दा बाहिरबाट सम्पत्ति हक हस्तान्तरण विरलै हुने गरेको हुँदा उक्त व्यवस्थाले तात्विक असर नपर्ने मन्त्रालयको बुझाई भएको उनले जनाए ।

आर्थिक ऐन, २०७९ तर्जुमा क्रममा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेशमा ४० प्रतिशत र स्थानीय तहमा ६० प्रतिशत हिस्सा बाँडफाँट हुने घरजग्गा रजिष्ट्रेशन शुल्कको दर र दायरा निर्धारणको लागि कानून बमोजिम निजी क्षेत्र समेतको प्रतिनिधित्व हुने गरी गठित प्रदेश स्तरीय राजस्व परामर्श समितिको सिफारिस समेतका आधारमा प्रदेश सरकारले करका दर र दायरा निर्धारण गरेको मन्त्रालयले जारी गरिएको प्रेस विज्ञप्तिमा उल्लेख गरिएको छ । साथै मन्त्रालयले गण्डकी प्रदेश सभाबाट पारित भई कार्यान्वयनमा आएको आर्थिक ऐन, २०७९ मा उल्लेख भएका घरजग्गा रजिष्ट्रेशन लगायतका सेवाशुल्कका सम्बन्धमा विभिन्न सञ्चार माध्यमहरूबाट भईरहेको सूचना प्रवाहप्रति मन्त्गम्भीर ध्यानाकर्षण भएको समेत जनाएको छ ।

त्यसै गरी अंशबण्डाका सम्बन्धमा सर्वसाधारणको अधिक कारोबार हुने १० लाखसम्मको थैली अंकमा साविकको व्यवस्था बमोजिम नै थैली अंकको ०.२ प्रतिशत शुल्क लाग्ने व्यवस्था कायमै राखिएको प्रेस विज्ञेप्तिमा उल्लेख छ । घरजग्गाको राजीनामा, सट्टापट्टा, सगोलनामा, छोडपत्र, दर्ताफारी, दाखिला खारेज लगायतका अधिक कारोबार हुने विषयहरूमा साविकको व्यवस्था नै कायम रहेको मन्त्रालयका प्रवक्ता तिवारीद्धारा हस्ताक्षरित प्रेस विज्ञेप्तिमा उल्लेख गरिएको छ । गण्डकी प्रदेशमा आयात प्रतिस्थापन गर्नको लागि कृषि उत्पादन तथा उत्पादकत्व बढाउने कृषिजन्य उद्योग र रोजगारी सृजना गर्ने उत्पादनमुलक उद्योगलाई प्रवर्धन गर्न रजिष्ट्रेशन शुल्कमा छुट प्रदान गरिएको समेत मन्त्रालयले जनाएको छ । त्यसै गरी उद्देश्य विपरित जग्गा प्रयोग भएको पाइएमा जरिवानाको समेत व्यवस्था गरिएको मन्त्रालयले विज्ञेप्तिमा उल्लेख छ । यस व्यवस्थाबाट नागरिकलाई वर्गिकरण नगरी प्रदेशमा उत्पादनमूलक क्षेत्रमा लगानी अभिवृद्धि हुने अपेक्षा समेत गरिएको प्रवक्ता तिवारीले जनाए । करका दरलाई समयसापेक्ष बनाउनका लागि केही शीर्षकमा गरिएको सामान्य समायोजनले समग्रमा करको थप भार नपर्ने हुँदा यस विषयमा गण्डकी प्रदेश सरकार, अर्थ मन्त्रालय सचेत र जिम्मेवार रहेकोले सरोकारवाला सबैको जानकारीका विज्ञप्ती जारी गरिएको मन्त्रालयले जनाएको हो ।

# कामना टोल विकासको अध्यक्षमा शेरजङ र आमा समुहमा विष्णु

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ साउन**

पोखरा महानगरपालिका वडा नं १३ स्थित कामना टोल विकास संस्थाको १२ औं वार्षिक साधारण सभा तथा छैठौ अधिवेशन शनिवार सम्पन्न भयो ।





अधिवेशनवाट संस्थाका अध्यक्षमा शेरजङ गुरुङ, उपाध्यक्षमा सिताराम गुरुङ, सचिवमा कुलप्रसाद गुरुङ, सह सचिवमा अजविना लामा, कोषाध्यक्षमा निर्मला गुरुङ चयन भएका छान् । त्यसैगरी सदस्यहरुमा क्रमश दिलवहादुर गुरुङ, यरवहादुर गुरुङ, सुनिता मल्ल, लेखनाथ पौडेल, बेलवहादुर गुरुङ र शंकरवहादुर सापकोटा रहेका छन् । सोही दिन कामना टोल विकास सस्था आमा समुहको अध्यक्षमा विष्णु कार्की, उपाध्यक्षमा दिलमाया गुरुङ, सचिवमा शारदा शाही, सह सचिवमा शान्ति आचार्य र कोषाध्यक्षमा भिमकुमारी गुरुङ, सह कोषाध्यक्षमा सविता सुवेदी चयन भएका छन् । त्यसैगरी सदस्यहरुमा क्रमश रुविना गुरुङ, विन्दुमया गुरुङ, कविता गुरुङ, चेली गुरुङ, रिता गुरुङ, चन्द्रकुमारी नेपाली र श्रीकुमारी गुरुङ रहेका छन् । वडा न १३ का वडा अध्यक्ष किरण वरालले कार्यक्रमको उद्घाटन गर्दै सकारात्मक सोच लिएर अगाडि बढेमा हरेक कार्य राम्रो हुने भने । सो कार्यक्रम कामना टोल विकास संस्थाका अध्यक्ष कृष्णप्रसाद गौतमको अध्यक्षतामा भएको थियो ।

## दोषी...

भएको बताउनुभयो । कार्यक्रममा गण्डकी प्रदेशका मुख्य न्यायाधिवक्ता रोहितराज बाँस्तोला, प्रहरी अतिरिक्त महानिरीक्षक उत्तमराज सुवेदी, कास्कीका प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्य, प्रहरी नायब महानिरीक्षक भीमप्रसाद ढकाल, प्रहरी नायब उपरीक्षक प्रवणकुमार विकलगायतले अपराधको अनुसन्धान र नियन्त्रणमा प्रहरीले खेल्दै आएको भूमिकाको प्रशंसा गर्दै आगामी दिनमा बदलिँदो चुनौतीलाई आत्मसात गर्दै अघि बढ्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

# कमलपोखरी मार्ग टोल विकास संस्थाको १७ औं साधारण सभा

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ साउन**



पोखरा महानगरपालिका वडा नं १३ स्थित कमलपोखरी मार्ग टोल विकास संस्थाको १७औं वार्षिक साधारण सभा तथा सम्मान कार्यक्रम शनिवार सम्पन्न भयो ।

वडा नं १३ का वडा अध्यक्ष किरण वरालले अधिवेशनको उद्घाटन गर्दै टोल विकासमा सवै भन्दा ठूलो भुमिका आमाहरुको रहेको चर्चा गरे । हरेक अभिभावकले छोराछोरीको शिक्षाको वारे विद्यालयमा गएर बुझ्नु पर्ने धारणा अध्यक्ष किरणले राखे । कार्यक्रममा संस्थाको परिवारमा दश जोड दुई, स्नातक, स्नात्तकोत्तर तह उर्तिणा गर्ने, आर्थिक सहयोग गर्ने र जेष्ठ नागरिकहरुलाई सम्मानित गरियो । त्यसैगरी टोलमा सिसिटिभी सहयोगार्थ एक लाख एघार हजार एकसय एघार रुपैयाँ सहयोग गर्ने संयोजक सुनिल गुरुङ लगायतका सदस्यहरुलाई पनि सोही कार्यक्रममा सम्मान गरियो । कमलपोखरी मार्ग टोल विकास संस्थाका अध्यक्ष सु. इन्द्रवहादुर गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा संस्थाका संस्थापक अध्यक्ष सु.रणवहादुर गुरुङ, संस्थाका कार्यसमितिका सदस्य सु. प्रेमवहादुर भुजेल, कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेडका अध्यक्ष तीर्थ बहादुर बस्नेत, बाँझापाटन मार्ग टोल विकास संस्था अध्यक्ष सूर्यलक्ष्मी श्रेष्ठ लगायतले वोलेका थिए । कार्यक्रममा संस्थाका सचिव खड्क वहादुर गुरुङ र कोषाध्यक्ष आसकुमारी गुरुङले प्रस्तुत गरेको प्रतिवेदन सर्वसम्मत रुपमा पारित भएको छ । कार्यक्रममा आमा समुहका अध्यक्ष पूर्णकुमारी गुरुङले स्वागत र सचिव खड्कवहादुर गुरुङले संचालन गरेका थिए ।


## कर्मशिल बचत तथा ऋण सहकारी संस्था लिमिटेड
**पोखरा-८, सभागृहचोक**

### दशौ वार्षिक साधारण सभा बारेको सूचना

यस कर्मशिल बचत तथा ऋण सहकारी संस्था लिमिटेडको मिति २०७९/०४/१३ गते बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम संस्थाको दशौ वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा तपसीलका विषयहरु उपर छलफल गरी निर्णय गर्नुपर्ने भएकाले सम्पूर्ण शेयर सदस्यज्यूहरुमा अनिवार्य उपस्थितिको लागि विनम्र अनुरोध गर्दछौं ।

**कार्यक्रम** :
मिति : २०७९ साल भाद्र ४ गते, शनिबार
समय : बिहान ८ :०० बजे
स्थान : दि भिलेज रेष्टुरेण्ट, चिप्लेढुंगा, पोखरा

**छलफलका विषयहरु** :
१. संचालक समितिको तर्फबाट सचिवको प्रतिवेदन प्रस्तुत र पारित सम्बन्धमा ।
२. आ.व. ०७८/०७९ को लेखापरिक्षकको प्रतिवेदन प्रस्तुत र पारित सम्बन्धमा ।
३. कोषाध्यक्षको तर्फबाट आ.व.०७९/०८० को वार्षिक कार्यक्रम तथा बजेट प्रस्तुत र पारित सम्बन्धमा ।
४. लेखा सुपरिवेक्षण समितिको तर्फबाट लेखा संयोजकबाट प्रस्तुत प्रतिवेदन सम्बन्धमा ।
५. ऋण लगानी उपसमितिको संयोजकको प्रतिवेदन प्रस्तुत र पारित सम्बन्धमा ।
६. आ.व. ०७९/०८० का लागि लेखापरिक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने सम्बन्धमा ।
७ शेयर लाभांश तथा संरक्षित पूंजी फिर्ता कोष वितरण संबन्धमा ।
८. साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने सदस्यहरुको नाम चयन गर्ने सम्बन्धमा ।
९. समितिहरुको रिक्त सदस्य पदको निर्वाचन सम्बन्धमा ।
१०. विविध ।

**नोट** :
-यस वर्ष +२ उत्तिर्ण शेयर सदस्यका छोराछोरीहरुको लब्धाङ्क पत्रको प्रतिलिपि यही मिति २०७९/०४/२९ गते भित्र कार्यालयमा बुझाई दिनुहुन अनुरोध गर्दछौं ।
-शेयर सदस्य कार्यक्रम अवधिभर उपस्थित भएमा मात्र यातायात भत्ताको व्यवस्था गरिएको जानकारी गराईन्छ ।

*नेपाल सरकारद्धारा जारी स्वास्थ्य मापदण्डहरुको पूर्णरुपमा पालना गरौं । आफू पनि बचौं, अरुलाई बचाऔं ।*

संचालक समितिको आज्ञाले
ज्ञान प्रसाद अर्याल
सह-सचिव

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

आशा गरिवको सबै भन्दा ठूलो सम्पत्ति हो ।
- एल्फ्रेड डे

## सम्पादकीय

# वल्ल एमालेको विरोध

गण्डकी प्रदेश सभाको सबैभन्दा ठूलो दल नेकपाले प्रदेश सभामा सशक्त प्रतिपक्षको भुमिका खेल्न नसकेको आरोप खेप्नुपरेको छ । गठबन्धन सरकारले गरेको जनताको ढाड सेक्नेगरी गरिएको कर बृद्धीको विरोधमा वोलिदिओस भन्ने जनचाहना थियो । पार्टीमा महत्त्वपूर्ण भुमिका खेल्ने नेताहरूले प्रदेश सभा बैठकमा जनचासो र प्रदेश सरकारले मिटर व्याजी करबारे नवोल्दा सामाजिक संजालमा विरोध हुन थालेको छ । एमाले गण्डकी प्रदेश कमिटीले सरकारको निर्णय विरुद् मुख खोलेको छ ।

योजनाविना बजेट ल्याएको, सत्तापक्षका सांसदलाई प्रति सांसद पाँच करोड रुपैयाँ दिएको, एमाले सांसदलाई दोस्रो दर्जाको व्यवहार गरेको, मुख्यमन्त्री र मन्त्रीका मृतक आफन्तको नाममा बजेट छुट्याएको पनि एमालेले आरोप लगाएको छ । मन्त्रीको संख्यामा बृद्धी गरेको, बहुवर्षे योजना अलपत्र पारेको, प्राकृतिक स्रोत तथा वित्त आयोगको सुझाव विपरीत बजेट बनाएको, सवारी करमा करमा ४०० देखि १० हजारसम्म वृद्धि गरेको भन्दै एमालेले सरकारको विरोधमा उत्रिएको छ । सवारी करको जरिवाना २०० प्रतिशतसम्म वृद्धि तर जनदबावपछि २० प्रतिशतमा झारेको दाबी गरेको छ ।

प्रदेश सरकारले बजेटमा करका दर मनपरी ढंगले हेरफेर गरेको र करको दर ४२८ प्रतिशतसम्म वृद्धि गरेको छ । अंशवण्डामा लाग्ने राजश्व र घरजग्गाको नामसारी गर्दा लाग्ने शुल्कमा दुवैतर्फ वृद्धि गरेको र आर्थिक ऐन ०७९ अनुसार तीन पुस्ताभन्दा बाहिरको घरजग्गा नामसारी गर्दा महानगरपालिकामा १५ हजार, नगरपालिकामा १० हजार र गाउँपालिकामा ५ हजार सेवा शुल्क तिनुपर्ने गरी कर बढाएको एमालेको आरोप छ।अर्थमन्त्रीले प्रगतिशील कर भन्दै आएका छन ।

नामसारीमा मात्रै प्रदेश सरकारले अधिकतम ४२८ प्रतिशत देखि न्यूनतम ३०० प्रतिशतसम्म सेवा शुल्क वृद्धि गरेको छ । पछिल्ला दिनहरुमा गठबन्धनका प्रदेश सरकारहरु करको दर बढाउन र जनताको ढाड सेक्नमात्रै केन्द्रित रहेको र त्यसमा गण्डकी सरकार सबै लाई उछिन्ने गरी जनविरोधी काम गर्न लागिपरेको भन्दै काङ्ग्रेस भित्र पनि विरोध छ । यो दल विषेशको विरोध भन्दा जनतालाई परेको मर्का हो । यस्तो बेला दलभन्दा माथि उठेर विरोध हुनेगर्छ । चुनावी वर्ष भएको बेला कर बढाउनु अनैतिक काम हो ।

आर्थिक ऐनले वार्षिक सवारी करमा १० हजार रुपैयाँसम्म वृद्धि गर्दा पनि प्रतिपक्षी एमालेले सशक्त प्रतिवाद गरेन।जब सञ्चारमाध्यममा यसबारे समाचार प्रकाशन भए पछिमात्रै एमालेले विरोध जनायो । विपक्षमा पुगेको बेला पनि भलाद्मी विपक्षी देखिँदा सरकारले गलत गर्न सहज बन्यो । सरकारको गलत कामको विरोध गर्दै सहि बाटोमा हिडाउन प्रतिपक्षी दललाई नागरिक समाज र मिडियाले सघाउनु जरुरी छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बड्ने | तुला | : अप्रत्यसित लाभ |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : मन चञ्चल | धनु | : मानसिक तनाब |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : शारीरिक झमेला |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : सम्मान मिल्नेछ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# भूसंरक्षण दिवस सङ्क्षिप्त चर्चा

शिव प्रसाद गौतम



आज २०७९ साल श्रावण २३ गते पुत्रदा एकादशी र भूसंरक्षण दिवस परेको छ । पुत्रदा एकादशीको ब्रत बस्नाले पुत्र नभएकाले पुत्र प्राप्त गर्छन् भन्ने शास्त्रीय धारणा छ । छोरा पाउन इच्छा राख्ने नरनारीले पुत्रदा एकादशीमा व्रत बसे छोरा पाउँछन् भन्ने धारणाले यो व्रत बसेको पाइन्छ । हरेक महिनाको शुक्ल र कृष्णपक्षको एघारौं तिथि, दशमी पछिको तिथि एकादशी हुन् । यो व्रत बस्नाले सबैको कल्याण हुन्छ तर यस तर्फ प्रायः पुरुषहरुको ध्यान गएको पाइँदैन। नारीहरु धार्मिक कार्यमा पुरुष भन्दा अगाडि छन् । छोरा नहुने नारी पुरुष यो व्रत बसेको पाइन्छ । विहान सखारै उठेर दिसा, पिसाब, स्नान गरेर निलाहार बसी भगवान् भगवतीको पूजा आराधना गरी सूर्यास्त भएपछि साझमा पनि धुप दिप नैवेद्य चढाइ भगवान्को पूजा गरिसकेपछि आफूले पनि शुद्ध शाकाहारी भोजन गर्नु यो व्रतको पूर्णता हो । उपवास बस्नाले शरीरका इन्द्रीयहरुले पनि आराम पाउने र एक छाक भए पनि अन्नको वचत हुन जान्छ । यो त भयो पुत्रदा एकादशीको बारेमा सामान्य जानकारी ।

आजको दिनको अर्को विशेषता भूसंरक्षण दिवस मनाउनु पनि हो । प्रकृतिको संरक्षण गर्नु मानिसको दायित्व हो । यो गर्नाले प्रकृतिको संरक्षण हुने र मानवको याने समस्त प्राणीहरुको कल्याण हुने विषय हो । भू भनेको धरती जमिन भूमि, ठाउँ, स्थान हो । धरातलको स्वरूप, भूस्वरूप, भूवन, भूआकृति हो । रुख विरुवा रोपेर वा पर्खाल, आदि लगाएर जग्गा जमिनको सुरक्षा गर्ने कामलाई भूसंरक्षण भनिन्छ । यो कार्य गर्न विशेष रूपले मनाइने दिनलाई दिवस भनिन्छ । जग्गा जमिनसँग सम्बन्धित मोही र जग्गाधनीका अधिकार र सर्तहरूको उल्लेख गरी दुबै तर्फको सम्बन्ध मिलाउने जग्गा जमिन सम्बन्धी अधिकारको कानुन भूमिसम्बन्धी ऐन हो । नेपालमा २०२१ सालमा जग्गा जमिनको न्यायपूर्ण वितरण, व्यवस्थ, संरक्षण आदि सम्बन्धी सुधार कार्य गर्न भूमिसुधार प्रारम्भ भएको हो ।

भूमिपतिहरुले अधिकतम कतिसम्म जमिन राख्न पाउने र मोहीहरुले कति सम्म जमिनको अधिकार पाउने भन्ने व्यवस्था गरिएको भूमि सुधार ऐन ल्याइयो । जमिनको उपभोगमा उचित हक तोकी सुधार ल्याउने हिसाबले तयार गरिने तथा जग्गाधनी र मोहीका बीचमा रहेका असमानतालाई हटाउने प्यत्न गरिने भूमि सम्बन्धी सरकारी व्यवस्था भूमिसुधार व्यवस्था हो । वि.सं. २०२१ साल श्रावण २३ गते स्वर्गेवासी राजा महेन्द्रको पालामा सर्वप्रथम नेपालमा भूमि सुधार योजना लागू गरेर झापा जिल्लाको बुधबारे गाउँमा यो कार्यक्रम परीक्षणको रूपमा लुगा गरिएको थियो भने यही वर्ष भूमि सुधार वचत योजना पनि देश भरी प्रारम्भ भएको थियो । कृषकहरुबाट अन्न र नगद उठाएर प्रारम्भ गरिएको थियो । यो बेला जग्गाको हदबन्धी कायम गर्न लागिएकोले भूमिपतिहरुले आफना परिवारलाई अंश वण्डा गरेर जमिनको खण्डिकरण गरेका थिए । आफन्तका नाममा अंशवण्डा गर्दा पनि हदबन्दी भन्दा बढी जग्गा आफ्ना इष्टमित्रको नाममा राखेर जग्गा लुकाउने काम त्यो बेलामा पनि भूमाफियाहरुले गरेका थिए । यो दुष्कर्म गरेको पनि आज ५८ वर्ष पूरा भएको छ । यो कार्यक्रम भुसंरक्षण गर्ने सन्दर्भमा अत्यन्त राम्रो काम हो । यही भूसंरक्षण गर्न प्रारम्भ गरेको दिन लाई भूसंरक्षण दिवस भनाइएको हो जस्तो लाग्छ । देशमा पञ्चायत कालमा पनि राम्रा काम भएका थिए । राजसंस्था हटाइएकोले राजाका पालामा भएका राम्रा कामको पनि उपेक्षा गर्ने अहिलेको शासन बागडोर आफ्नो हातमा लिएका तथाकथित आफूलाई राजनीतिज्ञ हौ भन्ने भ्रष्ट नेता प्रशासकहरुले मान्यता हैन विना तुक विरोधका लागि विरोध मात्र गरेको अवस्था छ । परराष्ट्रका विषयमा सन्तुलन राख्ने राजनीति राजनीति भूपरिवेष्ठित राष्ट्रहरूले अँगाल्ने राजनीति भूराजनीति हो । देशको भौगोलिक अवस्था र बनावट अनुरूप अँगालिने राजनीति भूराजनीति हो । नेपालको भूराजनीति अत्यन्त जटिल र तरल रूपमा चलिरहेको छ । यसको पूर्व पश्चिम र दक्षिण सिमाना विशाल भारतसँग जोडिएको छ भने उत्तरतर्फ चीन साम्राज्य सँग जोडिएको छ । भारतले नेपालको भूमि अति क्रमशः गरेको छ । त्यस्तै चीनले पनि गरेको अवस्था छ । दुई विशाल देशको बीचमा रहेको नेपालले आफ्नो अस्तित्व जोगाउन कठिन भइरहेको छ। यो अस्तित्व जोगाउन नेपालले असंलग्न परराष्ट्रनीति अपनाएको छ । तैपनि छिमेकी देशको मिचाहा प्रवृत्तिले हाम्रो भूमि यी दुई राष्ट्रले अविक्रमण गरिरहेका छन् । नेपालका पश्चिम उत्तरी सीमानाको लिपुलेक लिम्पियाधुरा र कालापानी भारतले हस्तक्षेप गरेको छ । यसलाई केपी वलीको सरकारले नेपालको नक्सामा समावेश गरी नक्सा प्रकाशन गरे पनि भारतले अहिले सम्म स्वीकार गरेको छैन । यो विषयमा नेताहरु तै चुप मैचुप छन् । नेपालका नेताहरु प्रधानमन्त्री लगायत राजनीतिक र प्रशासनिक पद हतयाउन भारतको चाकडी गर्छन् । अनि उसले नेपाललाई किन टेर्छ । यस्ताले भूमिको संरक्षण गर्छन् भन्नु बेकार छ। आफ्नो नाउमा अधिराज्य भरी जग्गा जमिन नभएको भूमिहीनलाई सुकुम्बासी भन्ने चलन छ । जग्गा जमिनको स्वामित्व परिवारको मूलीको हुन्छ । परिवारको मूलीको नाममा रहेको जग्गा अंशवण्डा हुँदा भूमिहीनले पनि भूमि पाउँछ । परिवारको मूलीबाट जग्गा जमिन अंश वण्डा हुँदा भूमि नहुनेले अंश बापत भूमि पाउँछ । त्यसकारण संगोलको परिवारमा बसेको जग्गा आफ्ना नाउँमा नभए तापनि उसलाई सुकुम्बासी भन्न मिल्दैन । माओवादी द्वन्द्वमा परि गाउँ छोडी सहर पसेका व्यक्तिहरुको नाममा प्रशस्त जग्गा छ तर ऊ शहर झरे पछि शहरका राजमार्ग, सहायक मार्ग, कच्ची बाटाहरुको मापदण्ड भित्रको जग्गा खोला नदीका किनारका जग्गाहरु ऐन कानुनलाई मिचेर अतिक्रमण गरेर बसेका छन् । पोखरा बसपार्क निर्माण गर्न सर्व साधारण जनतालाई मुआब्जा दिने नाममा पातलो फालेर २०३३ साल भाद्र १४ गते अधिग्रहण गरेको जग्गामा राजनीतिक दलहरुको संरक्षणको आधारमा सुकुम्बासीले अतिक्रमण गरेको ४६ वर्ष भएको छ । सुकुम्बासी समस्याले गर्दा पोखरा बसपार्क बन्न सकेको छैन । पर्यटकीय नगरी पोखरामा एउटा व्यवस्थित पार्क नहुँदा अन्तर्राष्ट्रिय क्षेत्रले समेत खिल्लि गरेको अवस्था छ ।

निर्वाचनको बेला बस पार्क बनाउने आश्वासन दिएर भोट पाए र चुनावमा विजय हासिल गर्छन् । विजय भएपछि बाचा कबोल बिर्सेर भ्रष्टाचार गरी सम्पत्ति कमाउन तर्फ लाग्छन् । पोखरा आउने पर्यटकले बसपार्कको हिलोको शास्त्री भोगी रहेका छन् । संरक्षण गरेर पोखरालाई सुन्दर पोखरा बनाउन पर्ने सालिन्दा भूक्षय भइरहेको छ । माओवदी जनआन्दोलनले नेपालमा भूसंरक्षण होइन। क्षणलाई प्रशय दियो । जग्गा सस्तोमा किनेर खण्डीकरण गर्ने परम्पराले दिन प्रति दिन भूक्षय हुँदै गएको छ । शहरी क्षेत्रमा जग्गा निजी आवास प्रयोजनका लागि टुक्र्याउँदै लगिएको छ । नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले भूउपयोग ऐन २०७६ को दफा ३२ले दिएको अधिकार प्रयोग गरी भूउपयोग नियमावली २०७९, वि.सं. २०७९ जेठ २३ गते देखि नै लागु हुने गरी नेपाल राजपत्र भाग ३ खण्ड ७२ सङ्ख्या, १४ को नेपालराजपत्रमा प्रकाशन गरेको छ । यो नियमावली आजैका मिति देखि लागु हुनेगरी प्रकाशन त गरेको छ । व्यवहारमा ल्याउने अहिलेसम्म कुनै सङ्केत छैन । समाजसुधार ऐन २०३४ लागु भएको ४५ वर्ष भयो तर व्यवहारमा छैन । यो नियममा परिच्छेद-५ अनूसुची-२ रहेका छन् । यस अनुसूची नियम ८ सँग सम्बन्धित, भूउपयोग क्षेत्र वर्गीकरणका आधार मापदण्ड तथा क्षेत्रफल भनेर भूउपयोग क्षेत्र वर्गीकरणका आधार मापदण्ड देहाय बमोजिम हुनेछन् १) कृषि क्षेत्र २) आवास क्षेत्र ३) व्यापारिक क्षेत्र ४) औद्योगिक क्षेत्र ५) खानी तथा खनिज क्षेत्र ६) वन क्षेत्र ७) नदी, खोला, ताल, सिमसार क्षेत्र ८) सार्वजनिक उपयोगको क्षेत्र ९) सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र १०) नेपाल सरकारद्वारा आवश्यकता अनुसार तोकिएक क्षेत्र छन् । यी बुदाहरुको वर्णन गर्न यो छोटो लेखमा समवेश गरिएन ।

देशको समग्र भूमिलाई ९ क्षेत्रमा विभाजन गरी भूमिको चकला बन्दि गर्ने अभिप्रायले नियम ल्याइएतापनि व्यवहारमा छैन । भू संरक्षण सम्बन्धि धैरै ऐन नियम आए पनि जनताका लागि हात्ती आयो हात्ती आयो फुस्सा भएको छ । २०३२ सालमा तत्कालीन श्री ५ को सरकारले नेपालमा नगरविकास समिति गठन गरेको थियो । त्यो बेला पदम बहादुर थापा पोखराको प्लानर नियुक्त भएका थिए । समितिले पोखराको भूमिलाई भूउपयोग क्षेत्र भनी क्षेत्र विभाजन गरेको थियो । त्यो बेलाको क्षेत्र विभाजनमा पोखरा औद्योगिक क्षेत्र मात्र बाँकी छ । अरू ध्वस्त गरियो । पोखराको कृषि क्षेत्र कुँडहरफाँट सबै भन्दा बढी ध्वस्त पारिएको छ । बढ्दो शहरी चापले गर्दा पोखराको सुन्दरता ध्वस्त भएको छ ।


प्रदेश सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**मालपोत कार्यालय**
तनहुँ

**मालपोत कार्यालय तनहुँबाट जारी भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजकि सूचना ।**

तनहुँ जिल्ला साविक दुलेगौडा १ हालको शुक्लागण्डकी न.पा. २ बस्ने बेच बहादुर दमाईको मिति २०७२/०४/१२ मा मृत्यु भएको र निजको शेषपछिको जीवित हकवाला दर्तावालको भाइ नाताको म लाल बहादुर परियार मात्र भएकोले मृतकको नाममा रहेको तपशिल बमोजिमका जग्गा/ घरजग्गा मेरो नाममा नामसारी गरिपाउँ भनी तनहुँ जिल्ला साविक श्याम्घा ४ बस्ने लाल बहादुर परियारले यस कार्यालयमा निवेदन दिनुभएको हुँदा, माग बमोजिम नामसारी गरिदिन नहुने भए वा अन्य कोही हकवाला भए यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र प्रमाण सहित यस कार्यालयमा हकदावी गर्न आउनुहोला । अन्यथा नियमानुसार नामसारी भई जानेछ ।

तपशिल

| गा.पा./न.पा. | वडा नं. | कित्ता नं. | जग्गा धनीको नाम |
|---|---|---|---|
| स्थानथोक | २/घ | कि.नं. २, ४ र ८ | बेच बहादुर दमाई |

यसमा मेरा दाजु बेच बहादुर दमाईको नाममा श्रेस्ता पुर्जा कायम रहेको उपरोक्त अनुसारको जग्गा निजको मिति २०७२/०४/१२ मा मृत्यु भएको र हकदार निजकी एकमात्र श्रीमती छलिमाया दमाई पनि मिति २०६६/०९/११ मा मृत्यु भैसकेको र निजका दम्पतिबाट कुनैपनि जयजन्म नै नभएको । हकदार दर्तावालका पिता चेतमान दमै र चेतमानकी एकमात्र श्रीमती गलमटे दमै दुवैजनाको २०३६ साल अगावै मृत्यु भएको । चेतमानका दम्पतिबाट २ छोरा जेठा दर्तावाल बेच बहादुर दमाई र कान्छा निवेदक लाल बहादुर परियार जन्म भएको र त्यसपछिका हकदार दर्तावालका एकमात्र भाइ लाल बहादुर परियार हकदार रहेको हुँदा, उक्त जग्गा मेरो नाममा नामसारी गरी पाउँ भनि तनहुँ जिल्ला श्याम्घा ४ बस्ने लाल बहादुर परियारले मालपोत कार्यालय तनहुँमा निवेदन दिनुभएको हुँदा, जग्गा दर्तावाल बेच बहादुर दमाईको मृत्यु भई हक खाने हकदार को को छन् ? निजका दम्पतिबाट कुनै जायजन्म भएको हो / होइन ? उक्त जग्गा कस्ले भोग गरेका छन् ? दर्तावालका दम्पतिको पालन पोषण र काजकिरिया कस्ले गरेका हुन ? निवेदक बाहेक अन्य कोही हकादार भए वा अन्य कसैको हकदावी पुग्ने भए म्यादभित्र प्रमाण सहित यस कार्यालयमा हकदावी गर्न आउनु होला अन्यथा नियमानुसार नामसारी भई जाने व्यहोरा जानकारी गराईएको छ ।

इति सम्वत् २०७९ साल श्रावण १७ गते रोज ३ शुभम् ।



**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**पुल महाशाखा**
**चाकुपाट, ललितपुर**

**सेती नदी माथि पक्कि पुल (१२० मि.) निर्माणका लागि प्रारम्भिक वातावरणीय परीक्षणको प्रतिवेदन तयारीको सिलसिलामा सार्वजनिक सूचना**

(प्रथम पटक प्रकाशित मितिः २०७९/०४/२३ गते)

गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिकामा सडक विभाग अन्तर्गतको पुल महाशाखाद्धारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| प्रस्तावकको नाम र ठेगाना | सडक विभाग<br>पुल महाशाखा<br>चाकुपाट, ललितपुर<br>फोन नं.: ०१-५५२८७७१, ईमेलः infobbpcu@gmail.com, वेबः www.dor.gov.np | |
|---|---|---|
| प्रस्ताव नं. | प्रस्तावको व्याहोरा | प्रभाव पर्ने प्रदेश / जिल्ला / न.पा. |
| १, | कास्की जिल्ला, पोखरा महानगरपालिका, वडा नं. १६ र वडा नं. १ जोड्ने बनियाँपथ- याम्दी लामाचौर सडक खण्डमा पर्ने सेती नदी माथि १२० मि. लम्बाई र ११ मि. चौडाईको RCC Pre–stressed प्रकारको नयाँ पुल निर्माण गर्ने योजना रहेको छ । पुलको दाँया किनार १०० मि. र बाँया किनार २०० मि. गरी जम्मा ३०० मि. लम्बाईको पहुँच सडक निर्माण गरिनेछ । नदी नियन्त्रण तथा नदी किनार संरक्षणका लागि पुलको माथिल्लो तटीय क्षेत्रको दाँया बाँया १५० मि. र तल्लो तटीय क्षेत्रको दाँया बाँया ५० मि. गरी जम्मा २०० मि. लम्बाईको भौतिक संरचनाहरु निर्माण गरिनेछ । डिजाइन एण्ड विल्डसँग सम्बन्धित यस आयोजनाको ठेक्का सम्झौता रकम मूल्य अभिवृद्धि कर सहित रू. १४,२०,६०,०००/- रहेको छ । | गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिका (वडा नं. १६ र १) |
| २, | कास्की जिल्ला, पोखरा महानगरपालिका, वडा नं. ३० र वडा नं. ३३ जोड्ने तिक्लांग -मुसेटुंडा पावर हाउस सडक खण्डमा पर्ने सेती नदी माथि १२० मि. लम्बाई र ११ मि. चौडाईको RCC Pre–stressed प्रकारको नयाँ पुल निर्माण गर्ने योजना रहेको छ । पुलको दाँया किनार ५० मि. र बाँया किनार ५० मि. गरी जम्मा १०० मि. लम्बाईको पहुँच सडक निर्माण गरिनेछ । नदी नियन्त्रण तथा नदी किनार संरक्षणका लागि पुलको माथिल्लो तटीय क्षेत्रको दाँया बाँया १०० मि. र तल्लो तटीय क्षेत्रको दाँया बाँया ५० मि. गरी जम्मा १५० मि. लम्बाईको भौतिक संरचनाहरु निर्माण गरिनेछ । डिजाइन एण्ड विल्ड सँग सम्बन्धित यस आयोजनाको ठेक्का सम्झौता रकम मूल्य अभिवृद्धि कर सहित रू. १४,२०,६०,०००/- रहेको छ । | गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिका (वडा नं. ३० र ३३) |

माथि उल्लेखित प्रस्तावहरुको प्रारम्भिक वातावरणीय परिक्षणको क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको महानगरपालिका, वडा तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्यचौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सूचना प्रकाशन भएको मितिले सात (७) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| प्रस्तावकको नाम र ठेगाना | मन्त्रालयको नाम र ठेगाना | निर्माण व्यवसायीको नाम र ठेगाना |
|---|---|---|
| सडक विभाग<br>पुल महाशाखा<br>चाकुपाट, ललितपुर<br>फोन नं.: ०१-५५२८७७१<br>ईमेलः infobbpcu@gmail.com | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय<br>सिंहदरबार, काठमाडौं, नेपाल<br>फोननं. ०१-४२११५७०<br>ईमेलः- info@mopit.gov.np | लुम्बिनी- लोहनी- मृत संजिवनी जे.भी.<br>कलंकी, काठमाडौं, नेपाल<br>फोन नं.: ०१-५२३५०२०<br>ईमेलः mritsanjiwoniktm@gmail.com |

# उदय अमात्य र आश गुरुङलाई कञ्चन पत्रकारिता पुरस्कार

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ साउन**

नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज), गण्डकीद्वारा सञ्चालित 'कञ्चन पत्रकारिता पुरस्कार-२०७९' उदयबहादुर अमात्य (कास्की) र आश गुरुङ (लमजुङ) लाई प्रदान गरिने भएको छ।

प्रतिभा छनोट समितिले गरेको सिफारिसअनुसार महासंघको आईतबारको बैठकले नाम अनुमोदन गरेको अध्यक्ष रुद्र श्रीस मगरले जानकारी दिए। पुरस्कार राशि जनही २५ हजार र सम्मानपत्र छ। अधिवक्ता सुरेन्द्र थापामगर संयोजक रहेको प्रतिभा छनोट समितिको सदस्यमा पत्रकार एमबी आस्था मगर, शान्ति गुरुङ तथा रुद्र श्रीस मगर र धनबहादुर गुरुङ थिए।

पुरस्कृत हुने आमात्य गण्डकी प्रदेशको एकमात्र नेपाल भाषा मासिक पत्रिका पोखरायाः भिन्तुनाका प्रकाशक तथा प्रधानसम्पादक हुन्। गुरुङ कान्तिपुर दैनिकका लागि लमजुङबाट काम गर्छन्। उनीहरुलाई साउन २७ मा पोखरामा समारोह आयोजना गरी पुरस्कृत गरिनेछ। पोखराका प्रतिष्ठित व्यवसायी बिमलमान गुभाजु र उनका परिवारले आफ्ना स्व. बावुआमा वेदमान गुभाजु र नेत्रकुमारी गुभाजुको स्मृतिमा सो पुरस्कार स्थापना गरेका हुन्। गण्डकी प्रदेशलाई कार्यक्षेत्र बनाई क्रियाशील २ पत्रकारलाई हरेक वर्ष सो पुरस्कार प्रदान गर्दै आएको छ। यसअघि बागलुङका राजेन्द्रमान राजभण्डारी र कास्कीका रुद्रबहादुर थापा, कास्कीका शान्ति गुरुङ र नवलपुरका केबी रानालाई सो पुरस्कार अर्पण गरिसकिएको छ।

# विश्व आदिवासी दिवसमा व्यासमा सार्वजनिक बिदा

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ साउन**

तनहुँको व्यास नगरपालिकाले विश्व आदिवासी जनजाति दिवसको अवसरमा सार्वजनिक बिदा दिने निर्णय गरेको छ। नगर कार्यपालिकाको आज बसेको बैठकले विश्व आदिवासी जनजाति दिवसको अवसरमा साउन २४ गते सार्वजनिक बिदा दिने निर्णय गरेको हो। उक्त दिन नगरपालिकाकाअन्तर्गतका अत्यावश्यक सेवा बाहेकका कार्यालय बन्द रहने नगरपालिकाका प्रवक्ता जीवन गुरुङले जानकारी दिनुभयो। आदिवासी जनजाति महासङ्घ जिल्ला समन्वय परिषद् तनहुँले उक्त दिन जिल्लाका १० वटै पालिकामा विविध कार्यक्रमको आयोजना गरी दिवस मनाउँदैछ। नगरपलिकाले उक्त दिन सार्वजनिक बिदा दिएकामा परिषद्‌की अध्यक्ष बसुन्धरा घर्तीले धन्यवाद ज्ञापन गर्नुभयो। कार्यपालिका बैठकले चालु आर्थिक वर्ष २०७९/८० का बजेट कार्यक्रमलाई कार्यान्वयन गर्नका लागि वार्षिक कार्ययोजना निर्माण गर्न प्रमुख प्रशासकीय अधिकृत हरिराम नागिलालाई जिम्मा दिने निर्णय गरेको छ।

नगरपालिका भित्रका सामुदायिक माध्यमिक विद्यालयका अध्यक्ष, प्रधानाध्यापक, संस्थागत माध्यमिक विद्यालयका प्रधानाध्यापकको संयुक्त बैठक राखी एसइईको नतिजाको विश्लेषण गर्ने निर्णय गरिएको प्रवक्ता गुरुङले बताउनुभयो। व्यास नगरपालिकाको मूल कार्यालयमा शुल्क नलाग्ने टेलिफोन कल सेन्टर र सबै वडामा सेवाग्राहीलाई आवश्यक निवेदन, फोटोकपी सेवा भदौ १ गतेदेखि निःशुल्क प्रदान गर्ने निर्णय गरिएको छ। बैठकले महालेखा परीक्षक कार्यालयबाट प्राप्त आव २०७७/७८ को लेखापरीक्षण प्रतिवेदन कार्यपालिका बैठकमा छलफल गरी बेरुजु फछ्र्यौट अभियानलाई तदारुकता दिन सम्बन्धित अधिकारीलाई निर्देशन दिएको छ।


**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**पुल महाशाखा**
**चाकुपाट, ललितपुर**

**सेती नदी माथि पक्कि पुल (१३० मि.) निर्माणका लागि प्रारम्भिक वातावरणीय परीक्षणको प्रतिवेदन तयारीको सिलसिलामा सार्वजनिक सूचना**

(प्रथम पटक प्रकाशित मितिः २०७९/०४/२३ गते)

गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिकामा सडक विभाग अन्तर्गतको पुल महाशाखाद्धारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | सडक विभाग<br>पुल महाशाखा<br>चाकुपाट, ललितपुर<br>फोन नं.: ०१-५५२८७७१, ईमेलः infobbpcu@gmail.com, वेबः www.dor.gov.np |
| प्रस्तावको व्याहोरा | तनहुँ जिल्ला, शुक्लागण्डकी नगरपालिका, वडा नं. २ र कास्की जिल्ला, पोखरा महानगरपालिका, वडा नं. ३३ जोड्ने कोत्रे बजार-तल्लो पुन्डीटार सडक खण्डमा पर्ने सेती नदी माथि १३० मि. लम्बाई र ११ मि. चौडाईको RCC Pre–stressed प्रकारको नयाँ पुल निर्माण गर्ने योजना रहेको छ। पुलको दाँया किनार १०० मि. र बाँया किनार १०० मि. गरी जम्मा २०० मि. लम्बाईको पहुँच सडक निर्माण गरिनेछ। नदी नियन्त्रण तथा नदी किनार संरक्षणका लागि पुलको माथिल्लो तटीय क्षेत्रको दाँया बाँया १५० मि.र तल्लो तटीय क्षेत्रको दाँया बाँया ५० मि. गरी जम्मा २०० मि. लम्बाईको भौतिक संरचनाहरु निर्माण गरिनेछ। डिजाइन एंड विल्ड सँग सम्बन्धित यस आयोजनाको ठेक्का सम्झौता रकम मूल्य अभिवृद्धि कर सहित रू. १५,४०,३९,२३८.५३/- रहेको छ |
| प्रभाव पर्ने प्रदेश / जिल्ला / न.पा. | गण्डकी प्रदेश, तनहुँ जिल्ला, शुक्लागण्डकी नगरपालिका (वडा नं. २) र कास्की जिल्ला, पोखरा महानगरपालिका (वडा नं. ३३) |

माथि उल्लेखित प्रस्तावहरुको प्रारम्भिक वातावरणीय परिक्षणको क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको महानगरपालिका/नगरपालिका, वडा तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्यचौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सूचना प्रकाशन भएको मितिले सात (७) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| प्रस्तावकको नाम र ठेगाना | मन्त्रालयको नाम र ठेगाना | निर्माण व्यवसायीको नाम र ठेगाना |
|---|---|---|
| सडक विभाग<br>पुल महाशाखा<br>चाकुपाट, ललितपुर<br>फोन नं.: ०१-५५२८७७१<br>ईमेलः infobbpcu@gmail.com | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय<br>सिंहदरबार, काठमाडौं, नेपाल<br>फोननं. ०१-४२११५७०<br>ईमेलः- info@mopit.gov.np | लुम्बिनी- लोहनी- मृत संजिवनी जे.भी.<br>कलंकी, काठमाडौं, नेपाल<br>फोन नं.: ०१-५२३५०२०<br>ईमेलः mritsanjiwoniktm@gmail.com |



# शिलबन्दी बोलपत्र आव्हानको सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०७९/०४/२३**

नेपाल एसबिआई बैंकको पोखरा शाखा कार्यालय, न्युरोडमा रहेका केही उपकरण तथा फुटकर फर्निचर लगायतका सम्पत्ति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएकोले यो सूचना प्रकाशित गरिएको छ। लिलाम बिक्रीमा रहेका उक्त सम्पत्ति खरिद गर्न इच्छुक व्यक्ति, संघ संस्था वा फर्म/कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र कार्यालय समयभित्रै (सो दिन सार्वजनिक बिदा परेमा सो लगत्तै कार्यालय खुलेको दिन) यस बैंकको शाखा कार्यालय, पोखरामा सम्पर्क गरी गोप्य शिलबन्दी बोलपत्र/प्रस्ताव पेश गर्नुहुन सूचित गरिन्छ। लिलाम बिक्री गरिने सम्पत्ति हेर्न तथा बिस्तृत विवरण बुझ्न चाहेमा यस बैंकको शाखा कार्यालय, पोखरा कार्यालय समयभित्र शाखा प्रबन्धकलाई सम्पर्क राख्न सक्नुहुनेछ। प्राप्त प्रस्ताव स्वीकृत वा अस्वीकृत गर्ने वा परेका प्रस्ताव उपर पुनः नेगोशिएसन गर्ने सर्वाधिकार बैंकमा सुरक्षित रहनेछ। प्राप्त बोलपत्र मिति २०७९/०४/३१ मा ३ बजे बैंकको शाखा कार्यालय, पोखरामा बोलपत्र दाता र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। निर्धारित समयमा बोलपत्रदाता वा प्रतिनिधी अनुपस्थित भएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। बोलपत्र खोलिने दिनमा सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा बोलपत्रहरु खोलिनेछ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

**शाखा कार्यालय, पोखरा**
**सम्पर्कः ०६१-५५३८७५/७६**


# तनहुँमा थपिए सात हजार ५४ नयाँ मतदाता

**पोखरापत्र संवाददाता**
**दमौली, २२ साउन**

तनहुँ जिल्लामा सात हजार ५४ नयाँ मतदाता थपिएका छन्। स्थानीय तहको निर्वाचनपछि सञ्चालन गरिएको मतदाता नामावली सङ्कलन अभियानबाट ती मतदाता थपिएका हुन्।

सरकारले आगामी मङ्सिर ४ गते प्रतिनिधि र प्रदेशसभा निर्वाचनको मिति घोषणा गरेसँगै शुक्रबारदेखि मतदाता नामावली सङ्कलन स्थगित गरिएको जिल्ला निर्वाचन कार्यालयका प्रमुख हरिप्रसाद ढकालले जानकारी दिनुभयो। मतदाता दर्ताको अन्तिम दिन बिहीबारसम्म तीन हजार चार सय १२ महिला र तीन हजार ६ सय ४२ पुरुष थपिएका छन्। त्यस्तै बाहिरी जिल्लाका तीन सय ६० मतदाताले तनहुँबाट मतदाता नामावली दर्ता गरेको कार्यालयले जनाएको छ। असार मसान्तसम्म चार हजार आठ सय ८६ मतदाता थपिएकामा साउन १ देखि १९ गतेसम्म दुई हजार पाँच सय २८ मतदाता थप भएको उहाँले जानकारी दिनुभयो। जिल्ला निर्वाचन कार्यालयमा रहेको तीन दर्तास्थलबाट यस अवधिमा तीन हजार छ सय ४९ र जिल्ला प्रशासन कार्यालय तनहुँमा रहेको एउटा दर्तास्थलबाट तीन हजार चार सय पाँच मतदाता थपिएका छन्। "निर्वाचनको मिति घोषणा भएसँगै मतदाता नामावली सङ्कलन कार्य स्थगित भएको छ, अब हामी आन्तरिक तयारीमा जुट्छौँ," उहाँले भन्नुभयो। स्थानीय तहको निर्वाचनपछि जिल्लामा मतदाता नामावली दर्ताका लागि सर्वसाधारणको आकर्षण थियो। मतदाता नामावली दर्ताका लागि सर्वसाधारण गाडी रिजर्भ गरेरै दमौलीसम्म आउने गरेका थिए।

जिल्लामा हालसम्म दुई लाख ४४ हजार तीन सय ४० मतदाता कायम भएका छन्। विसं २०७९ वैशाख २९ गतेसम्म एक लाख १७ हजार एक सय ३४ पुरुष र एक सय २७ हजार दुई सय छ मतदाता छन्।

# जनता आवास कार्यक्रमबाट घर निर्माण

**पोखरापत्र संवाददाता**
**दमौली, २२ साउन**

जनता आवास कार्यक्रमअन्तर्गत तनहुँमा दुई सय ८६ घर निर्माण गरिएको छ। आर्थिक दुरावस्थाका कारण घर बनाउनसक्ने हैसियत नभएका व्यक्तिको घर निर्माण गरिएको हो।

जिल्लाका १० वटै पालिकामा उक्त कार्यक्रमअन्तर्गत घर निर्माण गरिएको पूर्वाधार विकास कार्यालयका सूचना अधिकारी एवं इञ्जिनीयर धनमाया मिश्रले जानकारी दिनुभयो। आर्थिक वर्ष २०७५/७६ मा सङ्घ सरकारमार्फत जनता आवास कार्यक्रम हस्तान्तरण भएपछि उक्त कार्यालयले घर निर्माण थालेको उहाँले बताउनुभयो। निर्माण गरिएका घरमध्ये दोस्रो किस्तामा चार, तेस्रो किस्तामा ५२ र अन्तिम किस्ता लैजान बाँकी एक सय ४२ घरपरिवार रहेका छन्। उक्त कार्यक्रमका लागि रु एक करोड ५७ लाख बजेट विनियोजन गरिएको थियो।

# माछापुच्छ्रे बैंक र बिन्ध्यवासिनी धार्मिक क्षेत्र विकास बिच क्युआर हस्तान्तरण

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ साउन**



माछापुच्छ्रे बैंक र बिन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समिति बिच क्युआर कोड हस्तान्तरण भएको छ। आइतबार बैंकका सिइओ सन्तोष कोइरालाले बिकास समितिको क्युआर स्क्यान गरी उद्‌घाटन गरे।

बिन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समितिका अध्यक्ष सुर्यप्रसाद सुवेदीले समितिले गरेको समाजिक कामको बारेमा जानकारी दिदै बित्तिय र धार्मिक क्षेत्र बिच सहकार्य गर्न पाएको भन्दै खुसी ब्यक्त गरे। उनले मन्दिरमा संकलन हुने भेटि अब क्युआर कोड मार्फत संकलन हुँदा थप सहजता हुने बिश्वास ब्यक्त गरे। कार्यक्रममा नेपाल राष्ट्र बैंक पोखराका निर्देशक डा.रामशरण खरेलले कागजी नोट छाप्ने प्रक्रिया लामो भएको बताउँदै हाल डिजिटल बैंकिङ कारोबारले सजिलो बनाएको बताए। उनले बिन्ध्यवासिनी धार्मिक क्षेत्रले पनि दक्षिणालाई डिजिटल डिसप्ले मार्फत देखाएमा अझै प्रभावकारी हुने बताए।

बैंकका सिइओ कोइरालाले नेपाल भरीका मठ मन्दिरमा क्युआर कोड राख्ने अभियान भएको बताउँदै त्यसै अनुरुप बिन्ध्यवासिनी धार्मिक क्षेत्रमा पनि अभियान शुरु भएको जनाए। उनले यस अगाडि पनि मन्दिर सगँको सहकार्यमा जोडिएको बताउँदै आगामी दिनमा पनि निरन्तर सहकार्य हुने बताए। क्युआर स्क्यान मार्फत दक्षिणा प्रदान गर्दा पारदर्शिता हुने उनको भनाइ थियो।

बैंकका डिजिटल चिफ माधव सुवेदीले बैंकले डिजिटल प्रबिधिलाई देशै भरी हरेक क्षेत्रमा बिस्तार गर्दै आएको र त्यसै अनुरुप विन्ध्यवासिनीमा पनि शुरुवात भएको बताए। कार्यक्रममा बैंकका सस्थापक सञ्चालक एवं स्वर्गीय सुर्यबहादुर केसीकी श्रीमति प्रेम कुमारी केसी, बैंक सञ्चालक बन्दना कार्की, सशस्त्र प्रहरीबलका बरिष्ठ प्रहरी उपरिक्षक सुरेश श्रेष्ठ वडा नम्बर १ र र २ वडा अध्यक्ष सहारा प्रधान र दिवसमान प्रधानाङ्ग लगायतले बोलेका थिए।

# नाबालिका छोरी मार्ने आमासहित एक पुरुष पक्राउ

**पोखरापत्र संवाददाता**
**वालिङ, २२ साउन**

छ महिने नाबालिका छोरीलाई ट्वाइलेटको खाल्डोमा फालेर मार्ने आमासहित एक पुरुष पक्राउ परेका छन्।

नाबालिका छोरीलाई खाल्डोमा फालेर मार्ने कार्यमा संलग्न स्याङ्जाको गल्याङ नगरपालिका-२ इलुङ्गा बस्ने २२ वर्षीया लक्ष्मी राना र पाल्पाको रामपुर नगरपालिका-१० कुमालगाउँ बस्ने २२ वर्षीय केदार कुमाल शुक्रबार पक्राउ परेको जिल्ला प्रहरी कार्यालय स्याङ्जाका प्रहरी नायब उपरीक्षक एवं प्रवक्ता रवीन्द्र खनालले जानकारी दिनुभयो। रामपुर-१० का २२ वर्षीय कुमालसँग साउन १० गते रानाले घरमा कसैलाई नसोधी छ महिनाको छोरीसहित भागी विवाह गरेको निवेदन परिवारले प्रहरीमा दिएसँगै खोजी गर्ने क्रममा साउन २० गते शुक्रबार गल्याङ बजारबाट नियन्त्रणमा लिइएको प्रवक्ता खनालले बताउनुभयो। पक्राउ गरी अनुसन्धानका क्रममा रानाले छ महिनाको छोरीलाई १० गते राति १२ बजेको समयमा घरकै अस्थायी ट्वाइलेटको खाल्डोमा फालेको खुलेकाले खोजी गर्दा सडेगलेको अवस्थामा बच्चाको लास फेला परेको थियो।


# कर्जा चुक्ता / भुक्तान गर्न आउने बारेको ३५ (पैंतीस) दिने सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७९/०४/२३**

यस कमलपोखरी बचत तथा ऋण सहकारी संस्था लि. पोखरा-१३, बाँझापाटन कास्कीको तपशिलमा उल्लेखित सदस्यहरुले लिएको कर्जाको तिर्न बुझाउनपर्ने रकम तिर्न बुझाउन पटक पटक लिखित तथा मौखिक तार ताकेता गर्दा समेत नतिरी, नबुझाई ऋण सम्बन्धी शर्त बन्देझहरुको उल्लङ्घन गर्नुभएकाले कर्जा चुक्ता/भुक्तान गर्न आउने बारेको यो ३५ (पैतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र यस संस्थामा सम्पर्क राखि तपाई ऋणीले लिएको कर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता/ भुक्तान गर्नुहोला। उपरोक्त तोकिएको म्यादभित्र सहकारी संस्थालाई तिर्नु बुझाउनुपर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना आदि) नबुझाएमा प्रचलित कानुन तथा ऋणी र यस संस्था बिच भएको लिखतको शर्त साथै सहकारी ऐन २०७४ तथा नियमावली २०७५ ले दिएको अधिकार प्रयोग गर्दै असुलीको लागि लिलामी प्रक्रिया अगाडि बढाइने व्यहोरा सम्बन्धित ऋणीहरुलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ।

| ऋणीको बिबरण | धितोको विवरण |
|---|---|
| **ऋणीको नाम : सर्मिला गुरुङ**<br>ना.प्र.नं. : २५३१२<br>स्थायी ठेगानाः पोखरा -१३, कास्की<br>हालको ठेगाना : पोखरा-१३, कास्की<br>बाबु/पतिको नामः कमान सिं गुरुङ<br>बाजे/ससुराको नामः पतिराम गुरुङ | जग्गा धनीको नाम : सर्मिला गुरुङ<br>धितो रहेको स्थान : पोखरा-१३<br>कित्ता नं. १६९ र १९७<br>क्षेत्रफल : ८९ र ६० व.मि. |
| **ऋणीको नाम : डिल्लीराम आचार्य**<br>ना.प्र.नं. : ६८५<br>स्थायी ठेगानाः साविक पोखरा-२१<br>हाल पोखरा-११<br>हालको ठेगाना : पोखरा-११, कास्की<br>बाबु/पतिको नामः खिमलाल<br>बाजे/ससुराको नामः आत्मराम | जग्गा धनीको नाम : डिल्लीराम आचार्य<br>धितो रहेको स्थान : काहुँ-८<br>कित्ता नं. ५८४<br>क्षेत्रफल : १-३-०-२ (रोपनी) |
| **ऋणीको नाम : राम बहादुर गुरुङ**<br>ना.प्र.नं. :११३४०३<br>स्थायी ठेगानाः साविक नामार्जुङ्ग-७,<br>हाल मादी -२<br>हालको ठेगाना : मादी -२, कास्की<br>बाबु/पतिको नामः भिम बहादुर गुरुङ<br>बाजे/ससुराको नामः धन बहादुर | जग्गा धनीको नाम : राम बहादुर गुरुङ<br>धितो रहेको स्थान : नामार्जुङ्ग- ९<br>कित्ता नं. १८१, १८२ र २७६<br>क्षेत्रफल : (४-९-३-० ), (१-११-०-३) र (३-६-२-१) रोपनी |

**कमलपोखरी बचत तथा ऋण सहकारी संस्था लि.**
**पोखरा-१३, बाँझापाटन कास्की**
**फोनः ०६१: ५३३८११, ५९०६७३**